# CCMC निर्देशक समिति

## निर्णयहरु

बैठक संख्याः १९ मितिः २०७७/१०/११ गते

१. संयुक्त अधिराज्यमा देखा परी भारत लगायत अन्य केही देशहरूमा समेत फैलदै गएको उच्च संक्रमण क्षमता रहेको कोरोना भाइरसको नयाँ Variant (SARS-CoV-2 VUI 202012/01) को कारण महामारी हुन नदिन तथा कोभिड-१९ संक्रमण व्यवस्थापनको लागि विभिन्न मुलुकबाट नेपाल आगमन हुने यात्रुहरूको क्वारेन्टिन, स्वास्थ्य सुरक्षा तथा परीक्षणको आवश्यक व्यवस्थापन गरी महामारी नियन्त्रण गर्ने सम्बन्धमा नेपाल सरकारका मुख्यसचिवको संयोजनमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरुले अध्ययन गरी अन्तिम रुप दिएको संलग्न **विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७** को मस्यौदा स्वीकृतिका लगि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने।

२. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी एवं निषेध आदेशको अवधिभन्दा अगाडि वा सो समयमा ठेक्का सम्झौता भएका ठेक्काको म्याद सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले सोही आधारमा थप गर्न र धरौटी वापतको रकमको पचास प्रतिशत बैंक ग्यारेन्टी लिई फिर्ता गरिदिन अनुरोध गरेको सन्दर्भमा निवेदनको आधारमा एक पटकको लागि यस पूर्वको निर्णय अनुसार म्याद थप भएकाहरुको हकमा ६ महिनाभन्दा बढी अवधि नहुने गरी सम्बन्धित सार्वजनिक निकायका प्रमुखले नेपाल सरकारलाई थप लागत नपर्ने एवं म्याद थप गरे वापत अन्य कुनै दावी गर्न नपाउने गरी म्याद सम्झौता/करार गराइ बढीमा ६ महिना म्याद थप गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।